श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट मन्त्रिपरिषद्को सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०४७ सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

## निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना: निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२६ बमोजिम मन्त्रिपरिषदको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "निर्वाचन आयोग ऐन, २०४७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ख) "आयुक्त" भन्नाले आयोगको प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ग) "निर्वाचन" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम आयोगले सञ्चालन गर्ने निर्वाचन सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

## परिच्छेद–२
## आयोगको काम, कर्तव्य र अधिकार

३. नियुक्त गर्न सक्नेः (१) आयोगले निर्वाचनको कामको लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत र मतदाता नामदर्ता अधिकारी तथा अन्य कर्मचारीहरू आवश्यकता अनुसार नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) आयोगले श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको स्वशासित संस्थाको कर्मचारी वा अन्य कुनै व्यक्तिलाई निर्वाचनको कुनै काममा खटाउन वा लगाउन सक्नेछ ।

(३) यस दफा बमोजिम नियुक्त भएको, तोकिएको वा खटाएको कर्मचारीलाई निर्वाचनको काम छउन्जेलसम्म आयोगको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वीकृति बिना सो पदबाट हटाउन वा सरुवा गर्न वा अन्य काममा खटाउन सक्ने छैन ।

४. सहयोग लिन सक्ने: (१) आयोगले निर्वाचनको कामको लागि श्री ५ को सरकारको कुनै मन्त्रालय, विभाग वा कार्यालय वा संवैधानिक निकाय वा श्री ५ को सरकारको स्वामित्व भएको स्वशासित संस्थासंग सोझै सम्पर्क राख्न र त्यसबाट कुनै पनि सहयोग लिन सक्नेछ ।

(२) आयोगले निर्वाचनको कामको लागि निजी वा सार्वजनिक वा स्थानीय निकायसंग आवश्यक सहयोग लिन वा कार्य गराउन सक्नेछ ।

५. पर्यवेक्षकको नियुक्ति: मतदान कार्य, मतगणना कार्य वा निर्वाचनको अन्य कुनै कार्यको रेखदेख, जाँचबुझ वा सुपरीवेक्षण गर्नको लागि आयोगले पर्यवेक्षक नियुक्त गर्न सक्नेछ ।

६. भौतिक साधन उपलब्ध गर्न र प्रयोग गर्न सक्ने: (१) निर्वाचनको कार्य सञ्चालन गर्नको लागि आयोगले श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व भएका स्वशासित संस्थाको जग्गा, भवन, परिवहनको साधन, फर्निचर वा अन्य भौतिक साधन पूर्व सूचना दिई आवश्यकता अनुसार उपलब्ध गरी प्रयोग गर्न सक्नेछ ।

(२) निर्वाचनको कार्य सञ्चालन गर्नको लागि आयोगले सार्वजनिक वा स्थानीय निकाय वा सार्वजनिक वा निजी विद्यालय वा महाविद्यालयको जग्गा, भवन, फर्निचर वा अन्य भौतिक साधन पूर्व सूचना दिई आवश्यकता अनुसार उपलब्ध गरी प्रयोग गर्न सक्नेछ ।

(३) निर्वाचनको कार्य सञ्चालन गर्नको लागि आयोगले कुनै व्यक्ति वा संस्था वा निकायको जग्गा, भवन, परि-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वहनको साधन, फर्निचर वा अन्य भौतिक साधनको भाडा दिने गरी प्रयोग गर्न सक्नेछ ।

७. कामबाट हटाउन सक्ने: (१) निर्वाचनको कुनै कार्य सम्पन्न गर्न आयोगले दफा ३ बमोजिम नियुक्त गरेको वा तोकेको वा खटाएका कर्मचारीलाई सो कार्यबाट हटाउन आवश्यक देखेमा निजलाई सो कार्य गर्नबाट हटाउन सक्नेछ ।

(२) आयोगले आवश्यक देखेमा निर्वाचनको सम्बन्धमा सुरक्षाको लागि खटी आएका प्रहरी कर्मचारीलाई निर्वाचनसंग प्रत्यक्ष वा अप्रत्यक्ष तवरले सम्बन्धित कुनै कार्य गर्ने वा नगर्ने आदेश दिन वा त्यस्तो कार्य गर्नबाट हटाउन सक्नेछ ।

८. निर्वाचन रद्द गर्न सक्ने: कुनै निर्वाचन क्षेत्रमा निर्वाचनको कुनै कार्य वा मतदानको काम स्वतन्त्र र निष्पक्ष भएको छैन वा धाँधलीपूर्वक भएको छ भनी आयोगमा उजूरी परेमा वा सो कुराको जानकारी आयोगलाई प्राप्त भएमा सो सम्बन्धमा आयोगले आयुक्त वा आयोगको सचिव वा आयोगबाट अधिकार प्रदान गरिएको कुनै अधिकारीबाट जाँचबुझ गराउन सक्नेछ र सो जाँचबुझको प्रतिवेदनबाट सो कुरामा आयोग विश्वस्त भएमा आयोगले सो निर्वाचनक्षेत्रको निर्वाचन वा सो निर्वाचनक्षेत्रको कुनै वा सबै मतदानकेन्द्रको मतदान कार्य रद्द गर्न सक्नेछ ।

९. अस्थायी दरबन्दी र कर्मचारीको नियुक्तिः (१) आयोगले निर्वाचनको काम सञ्चालन र सम्पन्न गर्न बढीमा राजपत्राङ्कित द्वितीय श्रेणीसम्मको अस्थायी पदको दरबन्दी बढीमा ६ महीनासम्मको लागि आवश्यक संख्यामा सृजना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सृजना गरिएको पदको अवधि आयोगले अर्को ६ महीनासम्मको लागि एकै पटक वा पटक–पटक गरी बढाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिम सृजना गरिएको पदमा आयोगले अस्थायी वा करार वा ज्यालादारीमा नियुक्त गर्न सक्नेछ ।

१०. सुविधा दिन सक्ने: (१) आयोगले निर्वाचनको कुनै काममा संलग्न पदाधिकारी वा कर्मचारीलाई आयोगले निर्धारण गरे बमोजिमको रकम थप सुविधाको रूपमा दिन सक्नेछ ।

(२) आयोगको कुनै काम वा निर्वाचन सम्बन्धी काममा खटिएको पदाधिकारी वा कर्मचारीलाई निजले प्रचलित कानून अनुसार पाउने दैनिक भत्ता र भ्रमण भत्तामा आयोगले निर्धारिग गरे बमोजिमको रकम आवश्यकता अनुसार थप दिन सक्नेछ ।

(३) आयोगको कुनै काम वा निर्वाचनको कुनै काम गर्ने गरी खटिएको पदाधिकारी वा कर्मचारीलाई खटिएको अवधिसम्मको लागि आयोगले निर्धारण गरे बमोजिमको रकम थप भत्ता दिन सक्नेछ ।

११. भाडा वा क्षतिपूर्ति दिन सक्ने: (१) निर्वाचनको कुनै कामको लागि आयोगले वा आयोगको आदेशले दफा ६ बमोजिम कुनै व्यक्ति वा संस्था वा निकायको जग्गा, भवन, परिवहन, फर्निचर वा अन्य भौतिक साधन भाडा तिर्ने गरी प्रयोग गरेको अवस्थामा सो अवधिभरको लागि त्यसरी प्रयोग गरिएको जग्गा, भवन, परिवहन, फर्निचर वा अन्य भौतिक साधनको भाडा आयोगले दिनेछ ।

(२) निर्वाचनको कुनै कामको लागि आयोगले वा आयोगको आदेशले प्रयोग गरेको जग्गा, भवन, परिवहन, फर्निचर वा अन्य भौतिक साधन टुटफुट भई मर्मत गर्नु परेमा वा क्षतिपूर्ति दिनु पर्ने भएमा त्यस्तो मर्मत गर्न लाग्ने वा लागेको रकम वा क्षतिपूर्ति दिनु पर्ने भएको रकम हेरी खास

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोक्सान भए बमोजिमको मनासिब माफिकको रकम आयोगले क्षतिपूर्ति दिन सक्नेछ ।

१२. निर्वाचनमा खर्च गर्न सक्ने: (१) निर्वाचनको काममा खटिएको कर्मचारीले प्रचलित कानून बमोजिम पाउने दैनिक भत्ता, भ्रमणभत्ता, अन्य भत्ता र सुविधा सो कर्मचारी खटिएकै समयमा खर्च लेखी भुक्तानी दिन सकिनेछ । यस उपदफा बमोजिम प्राप्त गरेको रकमको खर्चको हिसाब तथा बील भरपाई सम्बन्धित कर्मचारीले बुझाउनु पर्नेछैन ।

(२) निर्वाचन सञ्चालनको लागि लाग्ने खर्च निर्वाचनमा खटिएको कर्मचारीलाई निजले खर्च गर्न पाउने गरी आयोग-द्वारा निर्धारित दर बमोजिम खर्च लेखिदिइनेछ ।

(३) उपदफा (२) बमोजिमको रकममध्ये आयोगले तोकिदिएको रकम निर्वाचनको काममा खटिएको कर्मचारीलाई निज खटी गएको काम समाप्त गरी फर्किएपछि बील भरपाई पेश गर्नु नपर्ने गरी आयोगले आदेश दिन सक्नेछ ।

१३. मालसामान खरिद गर्न सक्ने: (१) आयोगले निर्वाचनको कामको लागि आवश्यक पर्ने जिन्सी मालसामान खरिद गर्दा वा सेवा उपलब्ध गर्दा प्रचलित कानून बमोजिम बोलपत्र लिन सम्भव नभएमा दरभाउ पत्रबाट र दरभाउ पत्र पनि लिन सम्भव नभएमा सोझै बजारबाट खरिद गर्न वा सेवा उपलब्ध गर्न सक्नेछ ।

(२) आयोगले निर्वाचनको लागि मतदाता नामावली तयार गराउँदा, मतपत्र छपाउँदा वा कम्प्युटर, प्रिन्टर वा फोटोकपी मेशीनको सञ्चालन गर्दा, त्यसका पार्टपुर्जाहरू वा त्यसमा प्रयोग गरिने सफटवेयरका सामानहरू तथा विशेष प्रकारका कागज उपलब्ध गर्दा प्रचलित कानून बमोजिम बोलपत्र वा दरभाउपत्र लिन सम्भव नहुने वा लिन व्यावहारिक नहुने भनी निर्णय गरेमा त्यस्तो बोलपत्र वा दरभाउपत्र लिनु पर्ने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४. स्वीकृति लिनु नपर्ने: (१) श्री ५ को सरकारले आयोगको लागि वजेटमा छुटचाएको आयोगको भैपरि आउने शीर्षक अन्तर्गतको रकम आयोगले यस ऐन बमोजिम खर्च गर्नु पर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको रकम खर्च गर्दा वा स्वीकृति गर्दा आयोगबाट निर्णय भएको हुनु पर्नेछ।

१५. लेखा परीक्षण:- यस ऐन बमोजिम निर्वाचन सम्वन्धी काममा भएको खर्चको लेखा परीक्षण रितपूर्वक गरिनेछ ।

परिच्छेद– ३

विविध

१६. राय लिन सक्ने: (१) आयोगले कुनै संवैधानिक तथा कानूनी विषयमा राय लिन उपयुक्त देखेमा महान्यायाधिवक्ताको राय लिन सक्नेछ।

(२) आयोगले आफ्नो काम कर्तव्यको सम्वन्धमा कुनै संवैधानिक अङ्ग वा श्री ५ को सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा अन्य कुनै निकायसंग सोझै सम्पर्क राख्न, सरसल्लाह गर्न वा राय लिन सक्नेछ।

१७. छलफल वा परामर्श गर्न सक्ने: आयोगले वा आयोगको पदाधिकारीले स्वतन्त्र तथा निष्पक्ष निर्वाचन गर्ने सन्दर्भमा कुनै राजनैतिक संगठन वा दल वा व्यक्तिसंग छलफल वा परामर्श गर्न सक्नेछ।

१८. आयोगको निर्णय: (१) संविधान तथा प्रचलित कानून बमोजिम आयोगले गर्नुपर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्त समेत रहेको अवस्थामा निजहरुको संयुक्त बैठकबाट निर्णय हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आयोगको निर्णयको अभिलेख आयोगको सचिवले रीतपूर्वक राख्नु पर्नेछ ।

(३) आयोगको निर्णय आयोगको सचिवले प्रमाणित गरी कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(४) आयोगले आफ्नो बैठकको कार्यविधि आफैं व्यवस्थित गर्नेछ ।

१९. अधिकार प्रत्यायोजन: आयोगले आफ्नो कुनै अधिकार आवश्यकता अनुसार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त, आयोगको सचिव, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, पर्यवेक्षक, मतदान अधिकृत, सहायक मतदान अधिकृत वा निर्वाचनको काममा संलग्न पदाधिकारी वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०. निर्देशन दिन सक्ने: (१) आयोगले मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, पर्यवेक्षक वा मतदाता नाम दर्ता अधिकारी वा निर्वाचनमा खटिएका अन्य कुनै व्यक्तिलाई निजले गर्नु पर्ने कामको सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले दिएको निर्देशन पालन गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

२१. सरकारी वकिलले बहस पैरवी गर्ने: आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत, पर्यवेक्षक, मतदाता नाम दर्ता अधिकारी वा आयोगले निर्वाचनको कुनै काममा खटाएको कुनै कर्मचारी वादी वा प्रतिवादी भएको निर्वाचन सम्बन्धी मुद्दामा आयोग वा त्यस्ता कर्मचारीहरूको तर्फबाट सरकारी वकिलले बहस पैरबी गर्नेछ ।

२२. विभागीय कारवाई गर्ने: आयोगको वा निर्वाचनको काममा खटिएको कुनै कर्मचारीले निर्वाचन सम्बन्धी कानून



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा आयोगले दिएको निर्देशनको विपरीत कुनै काम कारवाई गरेमा आयोगले त्यस्तो कर्मचारी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम विभागीय कारवाईको लागि सम्वन्धित निकायमा लेखि पठाउनेछ। त्यसरी आयोगबाट लेखि आएमा सम्वन्धित निकायले त्यस्तो कर्मचारी उपर विभागीय कारवाई गर्नु पर्नेछ।

२३. नियम बनाउने: यो ऐन कार्यान्वियन गर्न श्री ५ को सरकारले आयोगको सल्लाह लिई नियम बनाउन सक्नेछ।

२४. आदेश जारी गर्ने: आयोगले यो ऐनको अधीनमा रही निर्वाचनको सम्बन्धमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ। त्यस्तो आदेश पालन गर्नु सबै राजनैतिक संगठन वा दल वा व्यक्ति तथा निर्वाचन सम्वन्धी प्रचार प्रसार गर्ने काममा लागेका व्यक्तिहरूको कर्तव्य हुनेछ।

२५. निर्देशिका बनाउने: आयोगले निर्वाचनमा संलग्न अधिकृतहरूको मार्गदर्शनको लागि एवं निर्वाचनको काम सुचारू तवरले सञ्चालन गर्ने गराउने प्रयोजनको लागि निर्देशिकाहरू बनाई लागू गराउन सक्नेछ।

२६. खारेजी: निर्वाचन आयोग ऐन, २०२४ र निर्वाचन आयोग (आन्तरिक कार्य व्यवस्था) नियमहरू, २०२५ खारेज गरिएका छन्।

लालमोहर सदर मिति:- २०४७।१०।२८।२

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

६५२ 603

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।